# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**भाग २ खण्ड ६ संख्या ज्ञ श्रावण २०८१**


## सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड, २०८१

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८१-०४-२४**
**प्रमाणिकरण मितिः २०८१-०४-२४**

**<u>प्रस्तावना</u>:-** प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुको अनसुरण गर्दै सहकारी संस्थाले गर्ने कारोवारको अनुगमन, निरीक्षण तथा नियमन लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन र व्यवस्थित गर्न शिवसताक्षी नगरपालिकाको सहकारी ऐन, २०७४ को १०१ ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगर कार्यपालिकाले यो मापदण्ड तर्जुमा गरेको छ ।

### परिच्छेद-१
### <u>प्ररम्भिक</u>

**१, संक्षिप्त नाम र प्रारम्भः-** १) यस मापदण्डको नाम :- **सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड, २०८१** रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकावाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२, परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

**क) "ऐन"** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी ऐन, २०७४ (सम्सोधन सहित) लाई सम्झनु पर्दछ ।

**ख) "नियमावली"** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी नियमावली २०७७ लाई सम्झनु पर्छ ।

**ग) "मन्त्रालय"** भन्नाले संघिय तथा कोशी प्रदेशको सहकारी हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

**घ) “मापदण्ड”** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड, २०८१  लाई जनाउँछ ।

**ङ) “रजिष्ट्रार”** भन्नाले संघको रजिष्ट्रारलाई सम्झनु पर्दछ र सो शब्दले प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको प्रमुखलाई समेत जनाउनेछ ।

**च) “दर्ता गर्ने अधिकारी”** भन्नाले शिवसताक्षी नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६९ को अधिकारीलाई सम्झनु पर्दछ ।

**छ) “विनियम”** भन्नाले सम्बन्धित सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।

**ज) “कार्यालय”** भन्नाल शिवसताक्षी नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**झ) “संस्था”** भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

**ञ) “सदस्य”** भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

**ट) “समिति”** भन्नाले सहकारी संस्थाको संचालक समितिलाई जनाउनेछ ।

**ठ) “साधारण सभा”** भन्नाले सहकारी संस्थाको नियमित बार्षिक साधारण सभालाई जनाउनेछ ।

## परिच्छेद-२

## सहकारी संस्थाको अनुगमन तथा नियमन

**३, सहकारी संस्थाको अनुगमन सम्बन्धि मापदण्डः-** ऐन तथा नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

**क) नियमित अनुगमन :** १) सहकारी संस्थाहरुको नियमित अनुगमन अनुसूची १ बमोजिमको अनुगमन निरीक्षण फाराम भरी सोको आधारमा अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

२) नियमित अनुगमन सम्पन्न गरेपछि सो को ७ दिनभित्र कार्यालयले सम्बन्धित संस्थाको काम कारबाहीमा देखिएका कैफियतहरु र सो को सुधार गर्नुपर्ने विषयमा निर्देशन सहित लिखित पत्राचार गर्नेछ ।

३) उपदफा (२) बमोजिम लिखित रुपमा प्राप्त निर्देशनहरु कार्यान्वयन गरी कार्यालयमा प्रगति विवरण पेश गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

४) स्थलगत अनुगमनका अतिरिक्त कार्यालयले संस्थाबाट पेश भएका प्रतिवेदनहरु तथा सूचना प्रतिवेदन प्रणालीका आधारमा समेत संस्थाहरुको काम कारवाहीको नियमित अनुगमन गरी निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशनको समेत कार्यान्वयन गरी कार्यालयमा प्रगति विवरण पेश गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

५) नियमित अनुगमनबाट दिइएका निर्देशनहरुको कार्यान्वयन अवस्थाको कार्यालयले नियमित रुपमा अनुगमन गर्नेछ तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सक्नेछ ।

**ख) सघन अनुगमनः** १) संस्थाको सघन अनुगमन गर्नका लागि कार्यालयका कर्मचारीहरु र आवश्यकता अनुसार विशेषज्ञ सहितको सघन अनुगमन टोली कार्यालय गठन गर्नेछ ।

२) सघन अनुगमन गर्दा अनुगमन तोलीले अनुसूची २ बमोजिमको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको परिमाणात्मक र गुणात्मक पक्ष (PEARLS/MOLMAC) देखिने सूचकहरु भएको अनुगमन निरीक्षण फाराम भरी सो को आधारमा अनुगमन प्रतिवेदन तयार गर्नेछ । बचत तथा ऋण बाहेक मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको हकमा अनुसूची ३ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम भरी सो को आधारमा अनुगमन प्रतिवेदन तयार गरिनेछ ।

३) सघन अनुगमन गर्दा आवयश्यकता अनुसार नेपाल राष्ट्र बैंक तथा अन्य निकायको समेत सहयोग लिन सकिनेछ ।

४) संस्थाको सघन अनुगमन सम्पन्न भए पछि सो को १५ दिनभित्र अनुगमन टोलीले कार्यालयमा सघन अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५) सघन अनुगमन टोलीबाट प्रतिवेदन प्राप्त भएपछि कार्यालयबाट सम्बन्धित संस्थाका संचालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुलाई प्रतिवेदनमा देखिएका कैफियतहरु र दिइएका निर्देशनहरुको सम्बन्धमा संस्थाको प्रारम्भिक प्रतिक्रिया सहित बोलाई कार्यालयमा छलफल गरिनेछ । यस्तो छलफल कार्यालयमा वा आवश्यकता अनुसार स्थलगत रुपमा समेत आयोजना गर्न सकिनेछ ।

६) उपदफा (४) बमोजिमको छलफल पछि दिइएका निर्देशनहरु कार्यान्वयनका लागि सम्बन्धित संस्थाका पदाधिकारीहरुलाई लिखित प्रतिवद्धता गराईनेछ ।

७) उपदफा (६) बमोजिम निर्देशन कार्यान्वयनका लागि प्रतिवद्धता गरेपछि संस्थाले १५ दिनभित्र अनुगमनबाट लिइएका निर्देशनहरु कार्यान्वयन गर्नका लागि अनुसूचि (४) बमोजिमको ढाँचामा १ वर्षको कार्य योजना तयार गरी संचालक समितिबाट पारित गराई कार्यालयमा पेश गर्नुपर्नेछ र सो को प्रगति विवरण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

८) सघन अनुगमनबाट दिइएका सुझावहरुको कार्यान्वयन अवस्थाको कार्यालयले नियमित रुपमा अनुगमन गर्नेछ तथा आवयश्कता अनुसार पुनः अनुगमन समेत गर्न सक्नेछ ।

**४) निरीक्षण तथा अनुगमन टोलीको गठनः-** (१) संस्थाहरुको स्थलगत जाँच सम्पन्न गर्न नगरपालिकाले निरीक्षण वा अनुगमन टोली गठन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम निरीक्षण वा अनुगमन टोली गठन गर्दा कानूनमा अन्यथा व्यवस्था गरिएको बाहेक कम्तीमा अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा नियमित अनुगमन भए २ जना र सघन अनुगमन भए ३ जनासम्म राख्नु पर्नेछ ।

तर यसमा लेखिएका कुनै कुराले अधिकृत स्तरको कर्मचारी नभएको वा अपुग भएको अवस्थामा अन्य स्तरको कर्मचारीको नेतृत्वमा नियमित अनुगमन वा सघन अनुगमन गर्न बाधा पर्नेछैन ।

**५) नियमित अनुगमन तथा सघन अनुगमनको कार्य अवधि तोक्नुपर्नेः-** दफा (४) बमोजिम नियमित अनुगमन तथा सघन अनुगमन टोली गठन गर्दा कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक नियमित अनुगमन भए १ दिन र सघन अनुगमन भए २ देखि ३ दिन सम्म तोक्नुपर्नेछ ।

**६) नियमित अनुगमन तथा सघन अनुगमन टोलीको गठन सम्बन्धी विशेष व्यवस्थाः-** (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको तापनि ऐनको दफा ७१ अनुसार दर्ता गर्ने अधिकारीले संस्थाको निरीक्षण तथा अभिलेख जाँच गरी प्रतिवेदन दिन आवश्यकता अनुसार जुनसुकै बखत अनुगमन टोली गठन गरी खटाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको अनुगमन टोली गठन विधि, कार्याविधि र कार्यसम्पादनसँग सम्बन्धित अन्य कुरा दर्ता अधिकारीले तोके बमोजिम हुनेछ ।

**७) नियमित अनुगमनका विषयवस्तुः-** सहकारी संस्थाको कार्यसञ्चालन अवस्थाको स्थलगत जाँच गर्दा अनुगमन टोलीले अन्य कुरा अतिरिक्त देहायका विषयवस्तुमा ध्यान दिनु पर्नेछः-

क) दर्ता अनुमति पालना,

ख) सञ्चालन पद्धति स्थापना

ग) खाताबहीको अद्यावधीकरण

घ) सदस्य सेवाको स्तर

ङ) नगदी कारोबारमा नियन्त्रण

च) निर्देशन कार्यान्वयन प्रगति

**८) सघन अनुगमनका विषयवस्तुः-** सहकारी संस्थाको कार्यसञ्चालन अवस्थाको सघन रुपमा स्थलगत जाँच गर्दा अनुगमन टोलीले अन्य कुराका अतिरिक्त देहायका विषयवस्तुमा ध्यान दिनुपर्नेछः

क) आन्तरिक नियन्त्रणको परिपाटी

ख) आर्थिक कारोबारमा नियमितता

ग) लेखापालकीय निर्धारकको अवलम्बन

घ) वित्तीय मानदण्डको पालना

ङ) सदस्य केन्द्रीयताको स्तर

च) विधिसम्मत सुधार पहल र

**९) पूर्वसूचना दिन नहुनेः-** नियमित अनुगमन वा सघन अनुगमन टोलीले स्थलगत जाँच गर्नु पूर्व साधारणतः सहकारी संस्थालाई कुनै प्रकारले पूर्व सूचना दिनु हुँदैन ।

तर नियामक निकायले स्थलगत जाँच गर्नुपूर्व आवश्यकता अनुसार सूचना दिएर अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-३
## विविध

**१०) निरीक्षण वा अनुगमन टोलीको आचारसंहिताः-** निरीक्षण वा अनुगमन टोलीका संयोजक र सदस्यहरुले देहायको आचारसंहिता पालना गर्नुपर्नेछः-

क) सहकारी संस्थाका कर्मचारी, संचालक लगायतसँग जानकारी हासिल गर्ने क्रममा शिष्टतापूर्वक व्यवहार गर्ने,

ख) कसैप्रति कुनै किसिमको पूर्वाग्रह राख्न नहुने,
तर निमुखा सदस्य र सहकारी संस्थाका बीचमा हरहिसाबको विवाद भए निमुखा सदस्यलाई मर्का नपरोस् भन्ने दृष्टिकोण लिने,

ग) सक्कल स्रेस्तामा केरमेट नगर्ने,

घ) निरीक्षण वा अनुगमनका कारण सहकारी संस्थाको सेवा संचालनको निरन्तरतामा बाधा नपरोस भनी विचार पुऱ्याउने,

ङ) स्थलगत जाँचका क्रममा आफ्नो जानकारीमा आएको सहकारी संस्थाका सदस्यहरुको व्यक्तिगत सूचनाका साथै संस्थाको वित्तीय आवस्था लगायतका जुनसुकै संवेदनशील सूचनाको गोपनीयता कायम राख्ने,

च) निरीक्षण वा अनगुगमन कार्यमा आफू खटिएको सहकारी संस्थामा आफ्ना नजिकका नातेदार संचालक वा सदस्य रहेको भए खटिँदाकै बखत सुपरिवेक्षकलाई जानकारी गराउने,

छ) सहकारी संस्थाका संचालक, कर्मचारी वा सहकारी संस्थाको काम कारोबारमा संलग्न कसैसँगबाट कुनै प्रकारको लाभ लिन नहुने,

ज) सहकारी संस्थाको मसलन्द प्रयोग नगर्ने,
तर सहकारी संस्थाले उपलव्ध गराउनु पर्ने कागजपत्रका छायाँप्रति उपलव्ध गराईमाग्न बाधा पर्ने छैन,

झ) संयोजकको नेतृत्वमा टोलीगत भावना (टिम स्पिरिट) लिएर एक अर्काको काम उत्साहपूर्वक सहयोग गरी सामूहिक जिम्मेवारी पूरा गर्न अग्रसर हुने र

ञ) कसैको धाक, धम्की वा मोलाहिजामा नपरी नियमनकारी निकायको योग्य, विवेकशील एवं सशक्त प्रतिनिधिका रुपमा कानूनको पालना गराउनमा दृढ रहने ।

**११) निरीक्षण वा अनुगमन टोलीको सुविधाः-** निरीक्षण वा अनुगमन टोलीका संयोजक वा सदस्यहरुले अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन बुझाएपछि तपशिल अनुसारको भत्ता पाउने छन्

क) नियमित अनुगमन गरेवापत प्रति व्यक्ति प्रति सहकारी रु. १,०००।- (एक हजार मात्र)

ख) सघन अनुगमन गरेवापत प्रति व्यक्ति प्रति सहकारी रु. ३,०००।- (तीन हजार मात्र)

**१२) साईन बोर्ड राख्ने सम्बन्धी व्यवस्था :-** (१) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र नियमन गर्ने निकायको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(२) सहकारी साईन वोर्डमा एकरुपता ल्याउनको लागि साईन वोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

**१३) मासिक विवरण अध्यावधिक रुपमा राख्ने र कार्यालयमा पठाउने:-** (१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयले प्रकाशित गर्नु पर्नेछ । (२) वार्षिक रु. १ करोड भन्दा बढी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनुसूची ५ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले ७ दिन भित्र कार्यालयमा विवरण पेश गर्नुपर्नेछ । विवरण दाखिला नगर्ने संस्थालाई ऐन बमोजिम कारवाही हुनेछ ।

**१४) कार्यबिधिको व्याख्या :** यो कार्यबिधि कार्यन्वयनको सिलसिलामा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

**१५) संशोधन** :- आवश्यकता अनुसार यस मापदण्डका कुनै दफाहरु सम्सोधन गर्नु परेमा शिवसताक्षी नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१६) खारेजी र बचाउः-** (१) सहकारी संस्था अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड सम्बन्धी व्यवस्था अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्डमा भएको कुनै व्यवस्था प्रचलित संघिय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची १**

**दफा ३ को (क)**

# सहकारी संस्थाहरुको नियमित अनुगमन फाराम

**क) संस्थाको परिचयः–**

**१) सहकारी संस्थाको नामः–**

**२) दर्ता नं.:–** **दर्ता मिति :**

**दर्ता भएको कार्यालयः–**

**३) ठेगानाः–**

**४) शेयर पूंजीः–** **(प्रति शेयर रुः– )**

**५) कार्य क्षेत्रः–**

६) संचालक समितिको सदस्य संख्याः– महिला पुरुष अन्य जम्मा

बैठक भत्ता :– रु. )

७) कर्मचारी संख्याः–............महिला ............... पुरुष .................. जम्मा (बजार प्रतिनिधिः–.........)

नियुक्ति दिए/नदिएकोः–

८) प्रयोग गरेको सफ्टवेयरः–

९) शेयर सदस्य संख्याः–

| जम्माः– | पुरुषः– | महिलाः– | अन्य | संस्थागतः– |
|---|---|---|---|---|

१०) बचतकर्ताहरुको संख्याः–

| जम्माः– | पुरुषः– | महिलाः– | अन्य | संस्थागतः– |
|---|---|---|---|---|

११) ऋणीहरुको संख्याः–

| जम्माः– | पुरुषः– | महिलाः– | अन्य | संस्थागतः– |
|---|---|---|---|---|

१२) सहकारी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भए/नभएकोः–

१३) सदस्य सेवा केन्द्र वा अन्य कुनै सम्पर्क कार्यालय भए/नभएको भए संख्या उल्लेख गर्नेः–

१४) सम्पर्क व्यक्तिको नामः पदः मोवाईल नं.

ख) संस्थाको गतिविधिको सामान्य जानकारीः

अनुगमन अवधिसम्म संक्षिप्त वित्तीय विवरणः

क) शेयर पूजी रु

ख) कुल बचत रु.

ग) कूल ऋण लगानी रु.

घ) चालु आ.ब. को हालसम्ममा सदस्य उत्पादन खरिद रु.

ङ) चालु आ.ब. को हालसम्ममा सदस्यलाई सामाग्री बिक्री रु.

च) चालु आ.ब. को हालसम्ममा सदस्यको उत्पादन बिक्री रु.

छ) चालु आ.ब. को हालसम्ममा कुल आम्दानी रु.

ज)   चालु आ.ब. को हालसम्ममा कुल खर्च रु.

ग)   निम्न विषयहरुको अनुगमन गर्नेः

१)   संस्थाले ऐनको दफा ३९ बमोजिम मूख्य र सहायक कारोवारको मापदण्ड मिलान गरे नगरेको

२)   बचत तथा ऋणको कारोवारको हकमा संस्थाले PEARLS मापदण्डको पालना गरे नगरेको

३)   भाखा नाघेको ऋणको अवस्था र सो बमोजिम जोखिम व्यहोर्ने कोषको व्यवस्था गरे नगरेको

४)   नियमित रुपमा लेखापरीक्षण र साधारण सभा भएको वा नभएको

५)   नियमित रुपमा बार्षिक प्रतिवेदन कार्यालयमा बुझाएको वा नबुझाएको

६)   संचालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक नियमित रुपमा भएको वा नभएको

७)   लेखा सुपरिवेक्षण समितिले नियमित रुपमा संस्थाको आर्थिक कारोबारको सुपरिवेक्षण गरी संचालक समितिलाई सुझाब दिने कार्य गरे नगरेको

८)   संस्थाले स्वीकृत कार्यक्षेत्र भन्दा बाहिर कारोबार गरे नगरेको

९)   संस्थाले स्वीकृति विना सेवाकेन्द्रहरु संचालन गरे नगरेको

१०)   संचालक समिति र लेखा सुपरिवेक्षण समितिको अवधि समाप्त हुनुअघि निर्वाचन गरी नया समितिलाई जिम्मेवारी सुम्पे नसुम्पेको

ग)   अनुगमनकर्ताले अनुगमन गर्न आवश्यक देखेको अन्य विषयहरु भए अनुगमन गरी उल्लेख गर्ने :

१)

२)

३)

४)

५)

६)

घ)   नियमित अनुगमनका आधारमा संस्थामा देखिएका कैफियतहरु उल्लेख गर्ने :

१)

२)

३)

४)

५)

६)

आधिकारिक व्यक्तिको नामः

हस्ताक्षरः

| निरीक्षण टोलीको नाम | पद | हस्ताक्षर |
|---|---|---|

- 
- 
- 

**अनुसूची २**

**दफा ३ को (ख)**

# सहकारी संस्थाहरुको सघन अनुगमन फाराम

**(बचत तथा ऋणको मुख्य कारोवार भएका सहकारी संस्थाहरुको लागि)**

**क) संस्थाको परिचयः–**

**१) सहकारी संस्थाको नामः–**

**२) दर्ता नं.ः–** **दर्ता मिति :**

**दर्ता भएको कार्यालयः–**

**३) ठेगानाः–**

**४) शेयर पूंजीः–** **(प्रति शेयर रुः– )**

**५)** **कार्य क्षेत्रः–**

**६)** **संचालक समितिको सदस्य संख्याः–** **महिला** **पुरुष** **अन्य** **जम्मा**

**बैठक भत्ता :– रु. )**

**७)** **कर्मचारी संख्याः–............महिला .............. पुरुष ..... अन्य.... जम्मा (बजार प्रतिनिधिः–.........)**

**नियुक्ति दिए/नदिएकोः–**

**८)** **प्रयोग गरेको सफ्टवेयरः–**

**९)** **शेयर सदस्य संख्याः–**

| | | | | |
|---|---|---|---|---|
| **जम्माः–** | **पुरुषः–** | **महिलाः–** | **अन्य** | **संस्थागतः–** |

**१०)** **बचतकर्ताहरुको संख्याः–**

| | | | | |
|---|---|---|---|---|
| **जम्माः–** | **पुरुषः–** | **महिलाः–** | **अन्य** | **संस्थागतः–** |

**११)** **ऋणीहरुको संख्याः–**

| | | | | |
|---|---|---|---|---|
| **जम्माः–** | **पुरुषः–** | **महिलाः–** | **अन्य** | **संस्थागतः–** |

**१२)** **सहकारी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भए/नभएकोः–**

**१३)** **सदस्य सेवा केन्द्र वा अन्य कुनै सम्पर्क कार्यालय भए/नभएको भए संख्या उल्लेख गर्नेः–**

**१४)** **सम्पर्क व्यक्तिको नामः** **पदः** **मोवाईल नं.**

**ख)** **संस्थाको वित्तीय अवस्थाको अनुगमन** (PEARLS)

पछिल्लो मितिको सन्तुलन परीक्षण, नाफा नोक्सान हिसाब र वासलात र गत वर्षको सन्तुलन परीक्षण, नाफा नोक्सान हिसाब र वासलात लिई निम्न अनुसारका मुख्य सूचकहरुको पर्ल्स विश्लेषण (PEARLS Analysis) गर्ने

| सिनं. | क्षेत्र | सुत्र | मानक | संस्थाको अवस्था |
|---|---|---|---|---|
| १ | P1 | ऋण नोक्सानी व्यवस्था/१२ महिना भन्दा बढी भाखा नाघेको ऋण | १००% | |
| २ | P2 | खुद ऋण नोक्सानी व्यवस्था/१२ महिना भन्दा बढी भाखा नाघेको ऋण | ३५% | |
| ३ | P6 | खुद सम्पत्ति/जम्मा शेयर र बचत | घटीमा ११०% | |

| | | | | |
|---|---|---|---|---|
| ४ | E1 | खुद ऋण लगानी/जम्मा सम्पत्ति | ७० देखि ८०% | |
| ५ | E5 | कुल बचत/जम्मा सम्पत्ति | ७० देखि ८०% | |
| ६ | E6 | बाह्य ऋण/जम्मा सम्पत्ति | बढीमा ५% | |
| ७ | E7 | शेयर पूँजी/जम्मा सम्पत्ति | १० देखि २०% | |
| ८ | E8 | संस्थागत पूँजी/जम्मा सम्पत्ति | घटीमा १०% | |
| ९ | A1 | जम्मा भाखा नाघेको ऋण/जम्मा ऋण लगानी | बढीमा ५% | |
| १० | A2 | आर्जन नगर्ने सम्पत्ति/जम्मा सम्पत्ति | बढीमा ५% | |
| ११ | R5 | बचतमा जम्मा व्याज/औसत बचत | वजारदर/मुद्रस्फिति भन्दा बढी | |
| १२ | R7 | शेयर लाभांश/औसत शेयर | वजारदर/मुद्रस्फिति भन्दा बढी | |
| १३ | R9 | जम्मा संचालन खर्च/औसत जम्मा सम्पत्ति | ५% | |
| १४ | R12 | खुद आम्दानी/औसत जम्मा सम्पत्ति | E9 अनुसार हुने | |
| १५ | L1 | (अल्पकालीन लगानी + तरल सम्पत्ति - अल्पकालीन दायित्व/जम्मा बचत | घटीमा १५% | |
| १६ | S1 | सम्पत्तिमा बृद्धि | मूद्रास्फिति भन्दा बढी | |

**ग) संस्थाको समग्र व्यवस्थापकीय पक्षको अनुगमन** (MoLMAC)

**ग१) बचत तथा ऋण परिचालन** (Mobilisation of Saving and Credit)

१) **संस्थाको वर्तमान ऋणका न्यूनतम र अधिकतम व्याजदरः**

२) **संस्थाको बर्तमान बचतका न्यूनतम र अधिकतम ब्याजदरः**

३) **निम्न कारोवारहरु गरे नगरेकोः**

**क**) **सुनचादी धितोमा कर्जा लगानी** **ख**) **गल्ला कर्जा, लगानी**

**ग**) **चल्ती खाता संचालन** **घ**) **ओ.डि. कर्जा लगानी**

**ङ**) **आफ्नै संस्थाको शेयरको सुरक्षणमा ऋण लगानी**

**च**) **घर जग्गा किनबेच**

४) **संस्थाले ऋणमा व्याज बाहेक लिने व्यवस्थापन/सेवा शुल्क लगायतका अन्य रकमहरु लिने गरेको नगरेकोः**

५) **संस्थाको बचत र ऋणवीचको व्याजदरको औसत अन्तर** Spread Rate:

६) **ऋण तथा सापटमा पाकेको व्याज, नगद प्राप्ति** Cash Basis **को आधारमा आम्दानी जनाएको र बचतमा प्रदान गर्ने व्याज** Accrual Basis **मा लेखांकन गरेको छ, छैन?**

७) **संस्थाले ऋण लगानी गर्दा कूल पूंजी कोषका अनुपातमा व्यक्तिगत ऋण सीमा तोकेको छ, छैन?**

८) **बचत तथा ऋण नीति तयार गरे, नगरेको :**

९) **संस्थाले ऋण उपसमितिका सिफारिसमा ऋण लगानी गरे, नगरेको**

१०) **तोकिए बमोजिम ऋणको बर्गिकरण सहित ऋण नोक्सानी व्यवस्था गरे, नगरेको**

११) **संस्था दर्ता हुंदाका बखतका बाहेक अन्य सदस्यहरुको हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए, नभएकोः–**

१२) **संस्थाबाट ऋण प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रकृयाहरुः**

१३) **ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ? ऋण स्वीकृति प्रक्रिया (छोटकरीमा)**

१४) **संस्थाको बचत तथा ऋणको व्याजदर संचालक समितिबाट गर्ने गरे, नगरेकोः**

१५) **संस्थाका सबै कारोबारको विवरणको जिन्सी तथा यान्त्रि संरक्षण** (Back-Up) **राखे, नराखेको :**

१६) **गैर सदस्यसंग बचत तथा ऋणको कारोबार गरेको, नगरेकोः**

१७) **संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूंजीगत गरेको, नगरेकोः**

१८) **संस्थाले सदस्यको बचत रकम सदस्य वीच ऋण लगानी संघीय सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल, राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गर्न बाहेक अन्य प्रयोजनमा लगानी भएको, नभएकोः**

१९) **सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाको पालना भएको, नभएकोः**

२०) **संस्थाले प्राथमिक पूंजीकोषको १५ गुण भन्दा बढी बचत संकलन गरेको, नगरेकोः**

२१) **सदस्यको रुची र आवश्यकता अनुसार बचत तथा ऋणको वर्गीकरण गरी कारोबार भएको, नभएको :**

२२) **सदस्य मैत्री बचत तथा ऋणको कारोबारका लागि सदस्यहरुको सर्वेक्षण तथा ऋण सदुपयोगको अवस्थाको प्रभावकारी अनुगमन तथा मूल्यांक गर्ने व्यवस्था भएको, नभएको :**

२३)	5C Analysis (Character, Condition, Capital, Collateral, Capacity to Repay) **को विश्लेषण गरी ऋण लगानी गर्ने गरेको छ, छैनः**

२४)	**सदस्यहरुका लागि नियमित रुपमा वित्तीय साक्षरता सम्बन्धी तालिम संचालन गरेको, नगरेकोः**

**गर)	कानूनी प्रावधान (सहकारी ऐन, नियम र विनियम) पालनको अवस्थाः**

१)	**पछिल्लो साधारण सभा भएको मितिः		कुल सदस्य संख्याः	उपस्थित सदस्य संख्याः**

२)	**पछिल्लो संचालक र लेखा सुपरीवेक्षण समिति निर्वाचन मितिः**

३)	**संचालक समितिको बैठक विनियमले तोकेको अवधिभित्र बस्ने गरे, नगरेकोः**

४)	**तोकेको समय सीमाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्ने गरे, नगरेकोः**

५)	**तोकिए बमोजिम विवरणहरु सम्बन्धित कार्यालयमा पठाउने गरेको, नगरेकोः**

६)	**खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे, नगरेकोः**

७)	**नाफाको ०.५ प्रतिशत प्रवर्द्धन कोषमा जम्मा गरे, नगरेकोः**

८)	**शेयर पूंजीको वढिमा १८ प्रतिशत लाभांस वितरण गरे, नगरेकोः**

९)	**संरक्षित पूंजी फिर्ता कोष नियमानुसार खडा गरी वितरण गर्ने गरेको, नगरेकोः**

१०)	**संस्थाले राजनैतिक/धार्मिक/जातिय व्यक्ति तथा संघसंस्थाहरुलाई कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे, नगरेकोः**

११)	**एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ, छैन?**

१२)	**संस्थाको कुल शेयरपूंजीको २० प्रतिशत भन्दा बढी एउटै व्यक्ति वा निकायलाई शेयर विक्री गरेको, नगरेकोः**

१३)	**विभिन्न कोषहरुमा रकम वांडफांड कानून बमोजिम गरेको छ, छैन?**

१४)	**संस्थाले जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे, नगरेकोः**

१५)	**संस्थाले ऋण प्रवाह, बचत संकलन शेयर बिक्रीका लागि विज्ञापन गर्ने गरे, नगरेकोः**

१६)	**गैरनेपाली/कार्यक्षेत्र बाहिरका व्यक्तिहरु/गैर सदस्यहरुसंग कारोवार गरे, नगरेकोः**

१७)	**शेयर सदस्यताको निर्णय कसले गर्ने गरेको, कागजात के के संलग्न गर्ने, गरेको**

**१८)** **लेखापरीक्षकको पारीश्रमीकको निर्णय साधारण सभाबाट गर्ने गरे, नगरेकोः**

**१९)** **संस्थाका बर्तमान संचालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा वित्तिय संस्थाको संचालक पदमा समेत बहाल भएका भए त्यसको विवरणः**

**२०)** **संस्थाको पहुंच संस्थाको कार्यक्षेत्रभरी रहेको, नरहेकोः**

**२१)** **संस्थाको विषय अनुसारको मूख्य कारोबार गरेको, नगरेकोः**

**२२)** **आवश्यकता अनुसार विषयगत उपसमितिहरु गठन गरी कार्यविभाजन गरेको नगरेकोः**

**ग३)** **व्यवस्थापन** (Management)

**क)** **नीति तथा योजना** (Policy and Planning)

**१)** **संस्थाले दुरदृष्टि** (Vision) **तथा ध्येय** (Mission) **सहितको रणनैतिक योजना तयार गरेको, नगरेकोः**

**२)** **वार्षिक कार्यक्रम तथा वजेट तयार पारे, नपारेकोः**

**३)** **संस्थाको उद्देश्य अनुसारको व्यवसायिक योजना भए, नभएकोः**

**४)** **कर्मचारी प्रशासन नियमावली भए, नभएकोः**

**५)** **आर्थिर्क प्रशासन नियमावली भए, नभएकोः**

**६)** **शेयर सदस्य नीति तथा कार्यविधि भए, नभएकोः**

**७)** **सुशासन तथा स्वनियमन नीति भए, नभएकोः**

**८)** **आन्तरिक तथा बाह्य लेखापरीक्षण नीति भए, नभएकोः**

**९)** **कोष परिचालन तथा तरलता व्यवस्थापन कार्यविधि भए, नभएकोः**

**१०)** **वीमा एवं सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यविधि भए, नभएकोः**

**११)** **साधारण सभा एवं अन्य बैठकहरु संचालन नीति भए, नभएकोः**

१२)　**विप्रेषण संचालन सम्बन्धी कार्यविधि भए, नभएको:**

१३)　**महिला, युवा सहित समग्र सदस्य परिचालन नीति भए, नभएको:**

१४)　**अभिलेख व्यवस्थापन नीति तथा कार्यविधि भए, नभएको:**

१५)　**सेवा केन्द्रहरु भएमा सो केन्द्र संचालन गर्ने नीति भए, नभएको:**

१६)　**निर्वाचन नीति भए नभएको**

१७)　**विनियम, नीति तथा कार्यविधिहरु समयानुकुल अद्यावधिक गर्ने गरेको छ, छैन:**

**ख)　कर्मचारी व्यवस्थापन** (Empliyee Management)

१)　**कर्मचारी भर्ना तथा छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी भएको, नभएको:**

२)　**कर्मचारीहरुलाई नियुक्ति पत्र दिएको, नदिएको:**

३)　**कर्मचारीहरुलाई उपलव्ध गराईएको सेवा सुविधा तथा सुरक्षणका हिसाबले कर्मचारी सन्तुष्ट रहेको, नरेहको:**

४)　**सदस्य संख्याको अनुपातमा सेवा प्रवाहका लागि कर्मचारीहरुको प्रर्यप्रयाप्तता भएको, नभएको (सामान्य ३०० सदस्य बराबर १ कर्मचारी)**

५)　**कर्मचारीहरुलाई कार्य विवरण तोकी काम प्रति जिम्मेवार र जवाफदेही बनाएका, नबनाएको:**

६)　**कर्मचारीको कार्य सम्पादन मूल्यांक आवधिक रुपमा गर्ने गरेका, नगरेको:**

७)　**कार्यालयको वातावरण कर्मचारी र सदस्य मैत्री भएको, नभएको:**

८)　**सबै कर्मचारीहरुलाई समान व्यवहार र अवसर, उचित व्यक्तिलाई उचित स्थान, प्रोत्साहन, पुरुस्कार र दण्ड सजायको व्यवस्था भएको, नभएको:**

**ग)　नगद व्यवस्थापन** (Cash Management)

१)	**नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ वीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद)**

२)	**ढुकुटीमा रहने नगद मौज्दातको विवरण खुल्ने गरी क्यास बुकमा राख्ने गरे, नगरेकोः**

३)	**ढुकुटीमा रहने नगद मौज्दात सम्बन्धित कर्मचारी र कार्यकारी प्रमुखले प्रमाणित गरि राख्ने गरे, नगरेकोः**

४)	**ढुकुटीमा रहने नगद मौज्दात रकम कारोबारका लागि प्रयोग गर्दा बुझबुझारथ गरी लिनेदिने गरे, नगरेकोः**

५)	**ढुकुटीमा रहने नगद मौज्दातमा भा.रु. लगायत अन्य विदेशी मुद्राको प्रयोग गर्ने गरे, नगरेकोः**

६)	**ढुकुटीमा रहने नगद मौज्दातको समय समयमा भौतिक परीक्षण गर्ने गरे, नगरेकोः**

७)	**ढुकुटीको मुल तथा सहायक सांचो स्पष्ट जिम्मेवारी बांडफांड सहित लिने गरे, नगरेकोः**

घ)	**सदस्य व्यवस्थापन** (Mamber Management)

१)	**सदस्यहरुलाई कारोबारी, साधारण र संस्थापक भनि बिभेद गरे, नगरेकोः**

२)	**सदस्यताका लागि सहज प्रक्रिया, अंकित शेयर र प्रवेश र अन्य कृत्रिम वन्देज हटाई खुला र सहज सदस्यता प्रक्रिया अपनाइएको छ, छैनः**

३)	**नवप्रवेशी सदस्य तथा अन्य सदस्यहरुको लागि सहकारी सम्बन्धी आधारभूत तालिम संचालन गरेका, नगरेकोः**

४)	**साधारण सभा, कार्यक्रमहरु, व्यवसायिक तालिम, उत्पादन, वजारीकरण तथा अन्य कारोवारमा सदस्यहरुको सक्रिय र जिम्मेवारी पूर्ण सहभागिता भएको, नभएकोः**

५)	**सदस्यहरुलाई सीपमूलक तालिमहरु नियमित रुपमा संचालन गर्ने गरेको, नगरेकोः**

६)  सदस्यहरुको वस्तुगत  र वस्तुगत समूहहरु बनाई व्यवसायिक कार्यत्रममा र निर्णय प्रक्रियामा सहभागी गराएको, नगराईएको:

७)  सदस्यको लागि स्वास्थ्य उपचार कोष, वीमा, सुत्केरी तथा नवजात शिशु राहत, आपतकालिन सहयोग जस्ता सदस्य सेवा र सुरक्षणका कार्यक्रमहरु संचालन गरेको, नगरेको:

८)  सदस्यहरुसंग नियमित सम्पर्क गर्ने संयन्त्र तयार रहेको, नरहेको:

९)  संस्थाको कार्यालय सदस्यहरुलाई पहुंच पुग्ने स्थानमा भएको, नभएको:

१०)  संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचनमा हरेक सदस्यले सहज र समान रुपमा सहभागी हुने व्यवस्था भएको, नभएको:

ग४)  **जवाफदेहिता र पारदर्शिता** (Accountability and Transperancy):

१)  साधारणसभा सम्पन्न भएको ३० तिन भित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको साधारणसभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण सम्बन्धित कार्यालयमा पेश गरे, नगरेको:

२)  संचालक र लेखा सुपरीवेक्षण समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, ऋण कालोसूचीमा नपरेको स्वघोषण आदि कागजात पेश गरे, नगरेको:

३)  संचालक समिति निर्वाचित भएको मितिले ३० दिनभित्र संचालकहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विवरण सम्बन्धित कार्यालयमा पेश गरे, नगरेको:

४)  संचालक समिति, लेखा सुपरिवेक्षण समिति र ऋण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको ऋणको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे, नगरेको:

५)  संचालकहरुले संस्थावाट उपभोग गरिरहेको वित्तिय तथा अन्य सुविधाहरु:

६)  पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरु:

७)  ऋण तथा बचतको व्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई दिने गरेको, नगरेको:

८)	संचालक र लेखा सुपरीवेक्षण समिति पदाधिकारीहरुले संस्थामा नियमित बचत गर्ने गरेको, नगरेको:

९)	संस्थाको साईनबोर्ड मापदण्डले तोके बमोजिमको रहे, नरहेको:

१०)	सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानून बमोजिमको विवरण सम्बन्धित निकायमा नियमित रुपमा पठानउे गरे, नगरेको:

११)	कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) को नियुक्ति भए, नभएको:

१२)	सदस्यहरुलाई सूचना दिन तथा गुनासो सुनुवाई गर्नका लागि सदस्य वडापत्र, सूचना पार्टी, उजुरी तथा गुनासो पेटिका, वित्तीय सूचना पार्टी, इलेक्ट्रिक वोर्ड लगायतको व्यवस्था भएको, नभएको:

१३)	प्रगति प्रतिवेदनहरु, बासलात, संस्थाको विनियम, नीति तथा निर्णयहरुको जानकारी सदस्यहरु तथा सरोकारवालाहरुले सहज रुपमा जानकारी पाउने व्यवस्था गरेको छ, छैन:

१४)	सदस्य, संचालक तथा कर्मचारीहरुले संस्थाको नीति, नियम र आचार संहिताको पालना गरेको, नगरेको:

१५)	संचालक समितिका सबै पदाधिकारीहरु सक्रिय, स्वउत्तरदायी, निर्णय प्रक्रियामा सहभागी, निर्णय प्रति प्रतिवद्ध र संस्थाका हरेक गतिविधिमा सक्रिय रुपमा सहभागी हुने गरेको, नगरेको:

१६)	संचालक समितिको वनावट समावेशी प्रकृतिको भएको, नभएको:

१७)	लेखा सुपरिवेक्षण समितिले चौमासिक रुपमा प्रतिवेदन तथा वार्षिक प्रतिवेदन तयार गरी पृष्ठपोषण दिने गरेको, नगरेको:

ग५)	**सरोकारवाला निकायहरुसंग समन्वय** (Coordination with Stakeholders)

१)	जिल्ला र प्रदेशस्तरका विषयगत सहकारी संघ र सहकारी संघ तथा विषयगत केन्द्रिय सहकारी संघ तथा सहकारी बैंकको सदस्य भएको, नभएको:

२)	स्थानीय तहसंग समन्वय गरी सदस्य हितका कार्यक्रमहरु संचालन गरेको, नगरेको:

३) प्रदेशस्तर एवं संघ स्तरका मन्त्रालय तथा कार्यालयहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गरेको नगरेको:

४) गैर सरकारी संस्थाहरुसंग समन्वय गरी कार्यक्रम संचालन गरेको, नगरेको:

५) अन्तर सहकारी कारोबार गरेको, नगरेको:

६) प्रशासनिक तथा सुरक्षा सम्बन्धी निकायहरुसंग समन्वय गरी काम गरेको, नगरेको:

७) सदस्यलाई उत्पादन सामाग्री आपूर्ति तथा वजारीकरणका लागि सम्बन्धित पक्षसंग समन्वय गरी कार्य गरेको, नगरेको:

८) स्थानीय नागरिकहरुसंग नियमित अन्तरक्रिया गरी सदस्य विस्तारका लागि पहल गरेको, नगरेको:

९) सदस्यको स्वास्थय, सुरक्षण तथा जीवनयापनका अन्य क्रियाकलापहरुमा सम्बन्धित निकायहरुसंग समन्वय गरी सदस्य हितमा काम गरेको, नगरेको:

१०) आवश्यकता अनुसार अन्य विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने गरेको नगरेको:

घ) सदस्य केन्द्रियताको गणना

घ१) संस्थापकीय सरोकार

$$\frac{\text{आन्तरिक पूंजी (शेयर पूंजी + जगेडाकोष + घाटापूर्ती कोष)}}{\text{जम्मा पूंजी (आन्तरिक पूंजी + बचत + ऋण लिएको)}} \times १००$$

**घ२) संचालकीय सक्रियता**

$$\frac{\textbf{सदस्यहरुको (साधारण सभा + विशेष साधारण सभा तथा विस्तारित मंचको बैठकहरुमा उपस्थिती}}{\textbf{औषत सदस्य संख्या} \times \textbf{६}} \times १००$$

घ३) **संरक्षकीय सम्बन्ध**

$$\frac{\text{वर्षमा कम्तिमा एक पटक ऋण लिएको जम्मा सदस्यहरु}}{\text{वर्षको औषत सदस्य संख्या}} \times १००$$

| सदस्य केन्द्रियता सूचकांक |
| --- |
| = संस्थापकीय सरोकारको सूचकांक<br>+ संचालकीय सक्रियताको सूचकांक<br>+ संरक्षकीय सम्बन्धको सूचकांक<br>―――――――――<br>३ |

| सूचकांक स्तरीकरण |
| --- |
| <३० % - अनिश्चित |
| ३० - ४९ % - साधारण |
| ५०- ७४ % - उत्तम |
| ≥७५ % - अन्युत्तम |

**संघ/संस्थाको आधिकारिक व्यक्तिको हस्ताक्षर/संस्थाको छाप**

**नामः** **पदः** **मोवाईल नं.ः**

**अनुगमन टोली**

| **नामः** | **पदः** | **कार्यालयः** | **हस्ताक्षर** |
| --- | --- | --- | --- |
| **१** | | | |
| **२** | | | |
| **३** | | | |

**मितिः–**

**अनुसूची ३**

**(दफा ३ को (ख)**

# सहकारी संस्थाहरुको निरीक्षण अनुगमन फाराम

**(बचत तथा ऋण बाहेक मुख्य कारोवार भएका सहकारी संस्थाहरुको लागि)**

**क) संस्थाको परिचयः–**

**१) सहकारी संस्थाको नामः–**

**२) दर्ता नं.ः–** **दर्ता मिति :**

**दर्ता भएको कार्यालयः–**

**३) ठेगानाः–**

**४) शेयर पूंजीः– (प्रति शेयर रुः– )**

**५) कार्य क्षेत्रः–**

**६) संचालक समितिको सदस्य संख्याः– महिला पुरुष अन्य जम्मा**

**बैठक भत्ता :– रु. )**

**७) कर्मचारी संख्याः–............महिला ............... पुरुष ................... जम्मा (बजार प्रतिनिधिः–.........)**

**नियुक्ति दिए/नदिएकोः–**

**८) शेयर सदस्य संख्या :–**

**९) प्रति सदस्य मासिक नियमित बचत रकमः–**

**१०) हाल सम्मको जम्मा बचत रकम रु. :**

**११) ऋणी सदस्य संख्याः**

**१२) जम्मा ऋण लगानी रकम रु.:**

**१३) मुख्य कारोवारः**

## ख) व्यवसायिक कारोवारः

**ख१) सदस्य उत्पादन (कृषि, दुग्ध, च्याउ, मह, चिया, जडिबुटी, सुपारी अन्य) सम्बन्धी कारोवार**

| सि.नं. | उत्पादनको नाम | परिमाण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

२) सदस्यहरुलाई उत्पादन सामाग्री (मल, बीउ, औषधी, दाना आदि) बिक्री (आ.ब. ........................)

| सि.नं. | सामाग्रीको नाम | परिमाण | रकम रु | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**२क) सदस्यहरुलाई उपभोग्य सामाग्री बिक्री सम्बन्धी कारोबार (आ.ब. ......................)**

| सि.नं. | सामाग्रीको नाम | परिमाण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**ख२) व्यवसायिक कारोबारमा लगानी**

**क) स्वः लगानी रु.**

**ख) अनुदान लिएको रु.**

**ग) ऋण लिएको रु.**

**ख३) ऋण तथा अनुदान प्रदान गर्ने संस्थाः**

**क)**

**ख)**

**ग)**

**घ)**

**ग) व्यवस्थापकीय अवस्थाको अनुगमन सूचकः**

**ग१) कानूनी प्रावधान (सहकारी ऐन, नियमन र विनियम) पालनाको अवस्था** (Legal Obligations)

१) पछिल्लो साधारण सभा भएको मिति : कुल सदस्य संख्या : उपस्थित सदस्य संख्या

२) पछिल्लिा संचालक र लेखा सुपरीवेक्षण समिति निर्वाचन मितिः

३) संचालक समितिको बैठक विनियमले तोकेको अवधिभित्र बस्ने गरे, नगरेकोः

४) तोकेको समय सीमा भित्र वार्षिक साधारण सभा सम्पन्न गर्ने गरे, नगरेकोः

५) तोकिए बमोजिम विवरणहरु सम्बन्धित कार्यालयमा पठाउने गरेको, नगरेको:

६) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरेको, नगरेको:

७) नाफाको ०.५ प्रतिशत प्रवर्द्धन कोषमा जम्मा गरे, नगरेको:

८) शेयर पूंजीको वढिमा १८ प्रतिशत लाभांस वितरण गरे, नगरेको:

९) संरक्षित पूंजी फिर्ता कोष नियमानुसार खडा गरी वितरण गर्ने गरेको, नगरेको:

१०) संस्थाले राजनैतिक/धार्मिक/जातिय व्यक्ति तथा संघसंस्थाहरुलाई कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे, नगरेको:

११) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ, छैन?

१२) संस्थाको कुल शेयरपूंजीको २० प्रतिशत भन्दा बढी एउटै व्यक्ति वा निकायलाई शेयर विक्री गरेको, नगरेको:

१३) विभिन्न कोषहरुमा रकम वांडफांड कानून बमोजिम गरेको छ, छैन?

१४) संस्थाले जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे, नगरेको:

१५) संस्थाले ऋण प्रवाह, बचत संकलन शेयर बिक्रीका लागि विज्ञापन गर्ने गरे, नगरेको:

१६) गैरनेपाली/कार्यक्षेत्र बाहिरका व्यक्तिहरु/गैर सदस्यहरुसंग कारोवार गरे, नगरेको:

१७) शेयर सदस्यताको निर्णय कसले गर्ने गरेको, कागजात के के संलग्न गर्ने, गरेको

१८) लेखापरीक्षकको पारीश्रमीकको निर्णय साधारण सभाबाट गर्ने गरे, नगरेको:

१९) संस्थाका बर्तमान संचालकहरु समानात्नर सहकारी संस्था, बैंक तथा वित्तिय संस्थाको संचालक पदमा समेत बहाल भएका भए त्यसको विवरण:

२०) संस्थाको पहुंच संस्थाको कार्यक्षत्रभरी रहेको, नरहेको:

२१) संस्थाको विषय अनुसारको मूख्य कारोबार गरेको, नगरेको:

२२) आवश्यकता अनुसार विषयगत उपसमितिहरु गठन गरी कार्यविभाजन गरेको नगरेको:

**क) नीति तथा योजना** (Policy and Planning)

१)    संस्थाले दुरदृष्टि (Vision) तथा ध्येय (Mission) सहितको रणनैतिक योजना तयार गरेको, नगरेकोः

२)    वार्षिक कार्यक्रम तथा वजेट तयार पारे, नपारेकोः

३)    संस्थाको उद्देश्य अनुसारको व्यवसायिक योजना भए, नभएकोः

४)    कर्मचारी प्रशासन नियमावली भए, नभएकोः

५)    आर्थिर्क प्रशासन नियमावली भए, नभएकोः

६)    शेयर सदस्य नीति तथा कार्यविधि भए, नभएकोः

७)    सुशासन तथा स्वनियमन नीति भए, नभएकोः

८)    आन्तरिक तथा बाह्य लेखापरीक्षण नीति भए, नभएकोः

९)    कोष परिचालन तथा तरलता व्यवस्थापन कार्यविधि भए, नभएकोः

१०)    वीमा एवं सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यविधि भए, नभएकोः

११)    साधारण सभा एवं अन्य बैठकहरु संचालन नीति भए, नभएकोः

१२)    विप्रेषण संचालन सम्बन्धी कार्यविधि भए, नभएकोः

१३)    महिला, युवा सहित समग्र सदस्य परिचालन नीति भए, नभएकोः

१४)    अभिलेख व्यवस्थापन नीति तथा कार्यविधि भए, नभएकोः

१५)    निर्वाचन नीति भए नभएको

१६)    विनियम, नीति तथा कार्यविधिहरु समयानुकुल अद्यावधिक गर्ने गरेको छ, छैनः

ख)    **कर्मचारी व्यवस्थापन** (Empliyee Management)

१)    कर्मचारी भर्ना तथा छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी भएको, नभएकोः

२)    कर्मचारीहरुलाई नियुक्ति पत्र दिएको, नदिएकोः

३)	कर्मचारीहरुलाई उपलव्ध गराईएको सेवा सुविधा तथा सुरक्षणका हिसाबले कर्मचारी सन्तुष्ट रहेको, नरेहको:

४)	सदस्य संख्खाको अनुमातमा सेवा प्रवाहका लागि कर्मचारीहरुको प्रर्याप्तता भएको, नभएको ( सामान्य ३०० सदस्य बराबर १ कर्मचारी)

५)	कर्मचारीहरुलाई कार्यविवरण तोकी काम प्रति जिम्मेवार र जवाफदेही बनाएका, नबनाएको:

६)	कर्मचारीको कार्यसम्पादन मूल्यांकन आवधिक रुपमा गर्ने गरेका, नगरेको:

७)	कार्यालयको वातावरण कर्मचारी र सदस्य मैत्री भएको, नभएको:

८)	सबै कर्मचारीहरुलाई समान व्यवहार र अवसर, उचित व्यक्तिलाई उचित स्थान, प्रोत्साहन, पुरुस्कार र दण्ड सजायको व्यवस्था भएको, नभएको:

ग)	**नगद व्यवस्थापन** (Cash Management)

१)	नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ वीमा गरे ⁄ नगरेको (गरेको भए, बीमा रकम र म्याद)

२)	ढुकुटीमा रहने नगद मौज्दातको विवरण खुल्ने गरी क्यास बुकमा राख्ने गरे, नगरेको:

३)	ढुकुटीमा रहने नगद मौज्दात सम्बन्धित कर्मचारी र कार्यकारी प्रमुखले प्रमाणित गरि राख्ने गरे, नगरेको:

४)	ढुकुटीमा रहने नगद मौज्दातमा भा.रु. लगायत अन्य विदेशी मुद्राको प्रयोग गर्ने गरे, नगरेको:

६)	ढुकुटीमा रहने नगद मौज्दातको समय समयमा भौतिक परीक्षण गर्ने गरे, नगरेको:

७)	ढुकुटीको मुल तथा सहायक सांचो स्पष्ट जिम्मेवारी बांडफांड सहित लिने गरे, नगरेको:

८)	नगद रकम समयमा नै बैंक जम्मा गर्ने गरेको, नगरेको:

घ)	**सदस्य व्यवस्थापन** (Mamber Management)

१)	सदस्यहरुलाई कारोबारी, साधारण र संस्थापक भनि बिभेद गरे, नगरेको:

२) **सदस्यताका लागि सहज प्रक्रिया, अंकित शेयर र प्रवेश र अन्य कृत्रिम वन्देज हटाई खुला र सहज सदस्यता प्रक्रिया अपनाइएको छ, छैनः**

३) **नवप्रवेशी सदस्य तथा अन्य सदस्यहरुको लागि सहकारी सम्बन्धी आधारभूत तालिम संचालन गरेका, नगरेकोः**

४) **साधारण सभा, कार्यक्रमहरु, व्यवसायिक तालिम, उत्पादन, वजारीकरण तथा अन्य कारोवारमा सदस्यहरुको सक्रिय र जिम्मेवारी पूर्ण सहभागिता भएको, नभएकोः**

५) **सदस्यहरुलाई सीपमूलक तालिमहरु नियमित रुपमा संचालन गर्ने गरेको, नगरेकोः**

६) **सदस्यहरुको वस्तुगत  र वस्तुगत समूहहरु बनाई व्यवसायिक कार्यमा र निर्णय प्रक्रियामा सहभागी गराएको, नगराईएकोः**

७) **सदस्यको लागि स्वास्थ्य उपचार कोष, वीमा, सुत्केरी तथा नवजात शिशु राहत, आपतकालिन सहयोग जस्ता सदस्य सेवा र सुरक्षणका कार्यक्रमहरु संचालन गरेको, नगरेकोः**

८) **सदस्यहरुसंग नियमित सम्पर्क गर्ने संयन्त्र तयार रहेको, नरहेकोः**

९) **संस्थाको कार्यालय सदस्यहरुलाई पहुंच पुग्ने स्थानमा भएको, नभएकोः**

१०) **संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचनमा हरेक सदस्यले सहज र समान रुपमा सहभागी हुने व्यवस्था भएको, नभएकोः**

ग४) **जवाफदेहिता र पारदर्शिता** (Accountability and Transperancy)ः

१) **साधारणसभा सम्पन्न भएको ३० तिन भित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको साधारणसभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण सम्बन्धित कार्यालयमा पेश गरे, नगरेकोः**

२) **संचालक र लेखा सुपरीवेक्षण समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, ऋण कालोसूचीमा नपरेको स्वघोषणा आदि कागजात पेश गरे, नगरेकोः**

३)	**संचालक समिति निर्वाचित भएको मितिले ३० दिनभित्र संचालककहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विवरण सम्बन्धित कार्यालयमा पेश गरे, नगरेकोः**

४)	**संचालक समिति, लेखा सुपरिवेक्षण समिति र ऋण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको ऋणको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे, नगरेकोः**

५)	**संचालकहरुले संस्थावाट उपभोग गरिरहेको वित्तिय तथा अन्य सुविधाहरुः**

६)	**पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरुः**

७)	**संस्थाको साईनबोर्ड मापदण्डले तोके बमोजिमको रहे, नरहेकोः**

८)	**सदस्यहरुलाई सूचना दिन तथा गुनासो सुनुवाई गर्नका लागि सदस्य वडापत्र, सूचना पार्टी, उजुरी तथा गुनासो पेटिका, वित्तीय सूचना पार्टी, इलेक्ट्रिक वोर्ड लगायतको व्यवस्था भएको, नभएकोः**

९)	**प्रगति प्रतिवेदनहरु, बासलात, संस्थाको विनियम, नीति तथा निर्णयहरुको जानकारी सदस्यहरु तथा सरोकारवालाहरुले सहज रुपमा जानकारी पाउने व्यवस्था गरेको छ, छैनः**

१०)	**सदस्य, संचालक तथा कर्मचारीहरुले संस्थाको नीति, नियम र आचार संहिताको पालना गरेको, नगरेकोः**

११)	**संचालक समितिका सबै पदाधिकारीहरु सक्रिय, स्वउत्तरदायी, निर्णय प्रक्रियामा सहभागी, निर्णय प्रति प्रतिवद्ध र संस्थाका हरेक गतिविधिमा सक्रिय रुपमा सहभागी हुने गरेको, नगरेकोः**

१२)	**संचालक समितिको वनावट समावेशी प्रकृतिको भएको, नभएकोः**

१३)	**लेखा सुपरिवेक्षण समितिले चौमासिक रुपमा प्रतिवेदन तथा वार्षिक प्रतिवेदन तयार गरी पृष्ठपोषण दिने गरेको, नगरेकोः**

**ग५)	सरोकारवाला निकायहरुसंग समन्वय** (Coordination with Stakeholders)

१)	**जिल्ला र प्रदेशस्तरका विषयगत सहकारी संघ र सहकारी संघ तथा विषयगत केन्द्रिय सहकारी संघ तथा सहकारी बैंकको सदस्य भएको, नभएकोः**

२)	स्थानीय तहसंग समन्वय गरी सदस्य हितका कार्यक्रमहरु संचालन गरेको, नगरेकोः

३)	प्रदेशस्तर एवं संघ स्तरका मन्त्रालय तथा कार्यालयहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गरेको नगरेकोः

४)	गैर सरकारी संस्थाहरुसंग समन्वय गरी कार्यक्रम संचालन गरेको, नगरेकोः

५)	अन्तर सहकारी कारोबार गरेको, नगरेकोः

६)	प्रशासनिक तथा सुरक्षा सम्बन्धी निकायहरुसंग समन्वय गरी काम गरेको, नगरेकोः

७)	सदस्यलाई उत्पादन सामाग्री आपूर्ति तथा वजारीकरणका लागि सम्बन्धित पक्षसंग समन्वय गरी कार्य गरेको, नगरेकोः

८)	स्थानीय नागरिकहरुसंग नियमित अन्तरक्रिया गरी सदस्य विस्तारका लागि पहल गरेको, नगरेकोः

९)	सदस्यको स्वास्थय, सुरक्षण तथा जीवनयापनका अन्य क्रियाकलापहरुमा सम्बन्धित निकायहरुसंग समन्वय गरी सदस्य हितमा काम गरेको, नगरेकोः

१०)	आवश्यकता अनुसार अन्य विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने गरेको नगरेकोः

घ)	सदस्य केन्द्रियताको गणनाः- संस्थापकीय सरोकार र संचालकीय सक्रियता अनुसूची २ बमोजिम नै गणना हुने गरी संरक्षकीय  सम्बन्धको गणना निम्न अनुसार गरिनेः

घ१)	उत्पादक सहकारी संस्थाः

$$\frac{\text{सदस्यहरुसंग वार्षिक उत्पादन खरिद}}{\text{संस्थाको जम्मा वार्षिक उत्पादन खरिद}} \times १००$$

**घ२)	उपभोक्ता सहकारी संस्थाः**

$$\frac{\textbf{सदस्यहरुलाई वार्षिक विक्री}}{\textbf{संस्थाको जम्मा वार्षिक विक्री}} \times १००$$

घ३) **वित्तीय कारोवारको सूचकांक**

$$\frac{\text{वर्षमा कम्तिामा एक पटक ऋण लिएको जम्मा सदस्यहरु}}{\text{वर्षको औषत सदस्य संख्या}} \times १००$$

| |
|---|
| सदस्य केन्द्रियता सूचकांक |
| = (संस्थापकीय सरोकारको सूचकांक + संचालकीय सक्रियताको सूचकांक + संरक्षकीय सम्बन्धको सूचकांक) / ३ |

| |
|---|
| सूचकांक स्तरीकरण |
| <३० % - अनिश्चित |
| ३० - ४९ % - साधारण |
| ५०- ७४ % - उत्तम |
| ≥७५ % - अन्युत्तम |

घ४) **बहुउद्देश्यीय सहकारी संस्थाः**

$$\frac{\text{वित्तिय कारोवारको उपयोग सूचकांक + उत्पादन कारोवारको सूचकांक + कारोवारको सूचकांक}}{३}$$

| |
|---|
| सदस्य केन्द्रियता सूचकांक |
| = संस्थापकीय सरोकारको सूचकांक + संचालकीय सक्रियताको सूचकांक + संरक्षकीय सम्बन्धको सूचकांक |
| ३ |



| |
|---|
| सूचकांक स्तरीकरण |
| <३० % - अनिश्चित |
| ३० - ४९ % - साधारण |
| ५०- ७४ % - उत्तम |

**संघ/संस्थाको आधिकारिक व्यक्तिको हस्ताक्षर/संस्थाको छाप**

**नामः** **पदः** **मोवाईल नं.:**

**अनुगमन टोली**

**नामः** **पदः** **कार्यालयः** **हस्ताक्षर**

**१**

**२**

**३**

**मितिः–**

**अनुसूची ४ को**

**दफा ३ को (ख)**

**..........................................................सहकारी संस्था लि.............**

| सि.नं. | निर्देशन बुँदा नं. | निर्देशन कार्यान्वयन गरिने महिना | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ५

**(दफा १३ सँग सम्बन्धित)**

**(बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले महिना भुक्तान भएको ७ (सात) दिन भित्र अनियार्य रुपमा भरी कार्यालयमा पेश गर्नु पर्ने मासिक विवरण)**

श्री शिवसताक्षी नगरपालिकाको कार्यालय,

व्याङ्गडाँडा, झापा ।

२०....... साल ................. महिनाको कारोबारको विवरण देहाय बमोजिम भएको व्यहोरा पेश गरेको छु ।

-------------------------------------------------

कार्यकारी प्रमुख/अध्यक्षको नाम र हस्ताक्षर

सहकारी संस्थाको नामः-

ठेगानाः-

सम्पर्क नं.

| सि.नं. | विवरण | संख्या | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | | | | |
| २ | जगेडा कोष | | | | |
| ३ | अन्य कोषहरु | | | | |
| ४ | कुल बचत रकम | | | | |
| | ४.१ गत आ ब को वचत बाँकी | | | | |
| | ४.२ बचत संकलन | | | | |
| | ४.३ बचत फिर्ता | | | | |
| | ४.४ फिर्ता गर्न बाँकी बचत | | | | |
| ५ | ऋण लिएको | | | | |
| | ५.१ लिएका ऋण | | | | |
| | ५.२ तिरेको ऋण | | | | |
| ६ | दायित्व हिसाब | | | | |
| ७ | अन्य दायित्व | | | | |
| | जम्मा दायित्व | | | | |
| १ | नगद मौज्दात | | | | |
| २ | बैंक मौज्दात | | | | |
| ३ | लगानी | | | | |
| | ३.१ मुद्दती हिसाब | | | | |
| | ३.२ शेयर लगानी | | | | |
| | ३.३ व्यापारिक लगानी | | | | |
| ४ | सदस्यहरुलाई गएको कर्जा/ऋण | | | | |
| | ४.१ गत आ.ब. को लगानी रहि रहेको रकम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४.१.१ भाखा नाघेको | | | | |
| | ४.१.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | ४.१.३ एक वर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| | ४.२ यस वर्ष ऋण लगानी | | | | |
| | ४.३ ऋण असुली | | | | |
| | ४.४ असुल गर्न बाँकी ऋण | | | | |
| | ४.४.१ भाखा नाघेको | | | | |
| | ४.४.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | ४.४.३ एक वर्षभन्दा बढी भाखा नाघेको | | | | |
| ५ | असुल गर्न बाकी व्याज | | | | |
| ६ | स्थिर सम्पत्ति | | | | |
| | ६.१ घर जग्गा | | | | |
| | ६.२ फर्निचर | | | | |
| | ६.३ सवारी साधन | | | | |
| | ६.४ अन्य | | | | |
| ७ | अन्य सम्पत्ति | | | | |
| | कुल सम्पत्ति | | | | |
| १ | आम्दानी | | | | |
| | १.१ कर्जावाट व्याज आम्दानी | | | | |
| | १.२ अन्य आम्दानी | | | | |
| २ | खर्च | | | | |
| | २.१ बचतमा व्याज खर्च | | | | |
| | २.२ कर्जाको लागि जोखिम व्यवस्था | | | | |
| | २.२.१ भाखा ननाघेको | | | | |
| | २.२.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | २.२.३ एक वर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| | २.२.४ खराब ऋण अपलेखन | | | | |
| ३ | खुद नाफा/नोक्सान | | | | |
| १ | बचत गर्ने सदस्य संख्या | | | | |
| | १.१ व्यक्तिगत सदस्य | | | | |
| | १.२ संस्थागत सदस्य | | | | |
| २ | बचत व्याज दर | | | | |
| | २.१ न्यनतम | | | | |
| | २.२ अधिकतम | | | | |
| ३ | संचालक समिति | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.१ पुरुष | | | | |
| | ३.२ महिला | | | | |
| | ३.३ अन्य | | | | |
| | ३.४ जम्मा | | | | |
| ४ | कर्मचारी संख्या | | | | |
| | ४.१ पुरुष | | | | |
| | ४.२ महिला | | | | |
| | ४.३ अन्य | | | | |
| | ४.४ जम्मा | | | | |
| ५ | सदस्य संख्या | | | | |
| | ४.१ पुरुष | | | | |
| | ४.२ महिला | | | | |
| | ४.३ अन्य | | | | |
| | ४.४ जम्मा | | | | |

हस्ताक्षर ....................

कार्यकारी प्रमुख/अध्यक्षको नामः-

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**